सन्धिखर्क नगरपालिका कार्यालय
सन्धिखर्क, अर्घाखाँची
५ नं. प्रदेश नेपाल

प्रमुख प्रशासकीय अधिकृत

सामान सप्लाई सम्बन्धी बोलपत्र आह्वानको सुचना

सुचना नं.- १० /०७६/७७
प्रथम पटक सुचना प्रकाशित मितिः २०७६/७/१

यस सन्धिखर्क नगरपालिकालाई तपशिल बमोजिमको मेसीनरी औजारहरु आबश्यक परेकोले ईछुक एंब आपुर्तिकर्ताहरुबाट शिलबन्दि दरभाउपत्र आह्वान गरिएको छ ।

१- योग्य आपुर्तिकर्ता हरुले दरभाउ पत्र सम्बन्धी कागजातहरु सुचाना प्रकाशित भएको मितिले १५ औ दिन भित्र यस नगर कार्यपालिकामा निबेदन पेश गरि प्राप्त गर्न सक्नेछन् । यस्तो निबेदनको साथमा कम्पनी/फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपी र सो को २०७५ साल आषाढ मसान्त सम्म नबिकरण भएको प्रमाण पत्र स्थाई लेखा नं. (मु.अ.को) दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ । बोलपत्र सम्बन्धी कागजातहरु हुलाक / कुरियर मार्फत पठाउन सकिनेछ । तर त्यसरी हुलाक/कुरियर मार्फत पठाईएको दरभाउपत्र सम्बन्धी कागजातहरु ढिलो गरि पुगेमा वा डेलिभरी नै नभएमा आपुर्तिकर्तानै जिम्मेबार हुनुपर्नेछ ।

२- शिलबन्दी गरिएको दरभाउपत्र यस नगरकार्यपालिकामा सुचना प्रकाशन मितिले १६ औ दिनको १२.०० बजेभित्र दर्ता गर्नु पर्नेछ । ढिलो गरी प्राप्त दरभाउपत्र स्विकार गरिनेछैन । यसरी दर्ता भएका दरभाउपत्र सोही दिन दिनको २.०० बजे खोलिने छ ।

३- दरभाउपत्रदाताले दरभाउपत्र फारामसाथ दरभाउपत्र जमानत वापत को रकम यस न.पा.को रा.बा.बैङ्क सन्धिखर्कमा रहेको धरैटी खाता नं. ३०५०३०३००७१०६ मा जम्मा गरेको बैङ्क भौचर वा बैङ्क ग्यारेन्टी पेश गर्नु पर्नेछ ।

४- दरभाउपत्र पेश गर्ने र खोल्ने दीन सार्बजनिक बिदा परेमा त्यसको भोलिपल्ट कार्यालय खुल्ने दिन माथि उल्लेख गरिएको समयमा दरभाउपत्र पेश गर्ने र खोल्ने अन्तिम मिती कायम हुनेछ । यस्तो अबस्थामा दरभाउपत्र र दरभाउपत्र जमानतको मान्य अवधि भने साबिककै मितिदेखी गणना गरिने छ ।

५- मालसामानहरु सन्धिखर्क नगरपालिका सन्धिखर्क अर्घाखाँचीमा आपुर्ति गर्नु पर्नेछ ।

६- कुनै वा सबै दरभाउपत्र पुरै वा आंशिक रुपमा स्विकार गर्ने वा अस्विकार गर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।

७- दरभाउपत्र फराम लिदा यस कार्यालयबाट रु ३०० को रसीद कटाई लिनुपर्नेछ ।

८- शिलबन्दी नगरि प्राप्त भएको वा प्रचलित कानुन बमोजिम रित नपुगेको दरभाउपत्र स्विकार गरिनेछैन ।

९- रितपुर्बक दर्ता भएका बोलपत्रहरु प्रचलित कानुन बमोजिम तोकिएका प्रतिनिधि एंब आपुर्तिकर्ताको रोहोबरमा खोलिने छ । तोकिएको दिन आपुर्तिकर्ता वा निजको प्रतिनिधि उपस्थित नभएमा पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

१०- थप जानकारीका लागि यस कार्यलयको फोन नं. ०७७-४२०११२ मा सम्पर्क गर्न सकिनेछ ।

११- तपसील बमोजिमको सामान खरीदको लागी कुल लागत रकम भ्याट सहीत रु १६७०१४०।-(सोह्र लाख सत्तरी हजार एक सय चालीस)

क्र.स	सामानको नाम	परिणाम
1	Laptop Compiuter I7	4 Set
2	Laptop Compiuter I5	12 Set
3	Photocopy Macine	1 Set
4	Desktop Compiuter	2 Set
5	Printer	6 Set

प्रमुख प्रशासकिय अधिकृत
सन्धिखर्क नगरपालिका कार्यालय